लेखापरीक्षण प्रतिवेदन

मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय
महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल
काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२५
च.न :DRAFT/FAR/2081-82/LOC/391

श्रीमान् प्रमुखज्यू

मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

काभ्रेपलाञ्चोक ।

विषय-**लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी मिति २०८२।१२।५ मा प्रारम्भिक प्रतिवेदन जारी भइसकेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेहोराउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ अनुसार प्राप्त प्रतिक्रिया उपरको कारबाही टुङ्गो लगाई सो पश्चात् कायम रहेका बेहोरा समावेश गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदनको मस्यौदा यसैसाथ संलग्न छ । त्यस कार्यालयबाट प्राप्त प्रतिक्रिया उपर सम्परीक्षणको कारबाही भई लगत कट्टा भइसकेका कुनै बेहारा यस लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वा कुनै अंकगणीतीय त्रुटि देखिएमा सो सम्बन्धी बेहोरा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) भित्रको Auditee File ट्याबमा ३ (तीन) दिनभित्र अपलोड गरी जानकारी गराउनुहुन अनुरोध छ। सो पश्चात् यो लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिने बेहोरा जानकारी गराइन्छ ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२५

च.न :DRAFT/FAR/2081-82/LOC/391

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् प्रमुखज्यू,
मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
काभ्रेपलाञ्चोक ।

विषय :लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेकपेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु.१ अर्ब ९७ करोड २० लाख ३७ हजारको लेखापरीक्षणबाट रू. १६ लाख ४४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.५ लाख ९५ हजारको सम्परीक्षण भई असुल गर्नुपर्ने रू.१ लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ लाख २३ हजार, नियमित गर्नुपर्ने रु. ५ लाख गरी जम्मा रु.१० लाख ४९ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.१५ करोड ८७ लाख ८२ हजार बेरुजू मध्ये रु.१ करोड ६५ लाख ६ हजार समपरीक्षण भई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु.१४ करोड ३३ लाख २५ हजार बाँकी रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।

लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

5. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
५७	३०	१६,४४,०३८	०	२६	५,९५,४६६	०	५७	४	१०,४८,५७२	१,२५,१२०	५,००,०००	४,२३,४५२	०	०	९,२३,४५२	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काभ्रेपलाञ्चोक	१५,८७,८२,०००	०	१,६५,०५,७०७	१४२७६२९३	०	१०,४८,५७२	१४३३२४८६५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	५५	लगतकट्टा -	२,२९,४६६
२	२०८१/८२	५८	प्रमाण -	५२,०००
३	२०८१/८२	५४	उपचार सिफारिस समितिको बैठक -	२७,२००
४	२०८१/८२	६०	असुल -	४२,५००
५	२०८१/८२	४९	अन्य बहाल कर -	२,०४,०००
६	२०८१/८२	६२	अनुगमन -	४०,३००

७	२०८०/८१	३९	स्वीकृत दरमा भन्दा बढी दरमा भुक्तानी	३,९६,५३९
८	२०८०/८१	३४	सवारी साधन मर्मतमा खर्च	१,०४,१४०
९	२०८०/८१	३६	रितपूर्वकको कर विजक	३०,०००
१०	२०८०/८१	२८	बैठक भत्ता भुक्तानी	४०,८००
११	२०८०/८१	३५	पोषण सम्बन्धी सुचना प्रकाशन	२५,०००
१२	२०८०/८१	४०	कार्य स्वीकार प्रतिवेदन	९,८३,८६३
१३	२०७९/८०	४२	सामाजिक सुरक्षा - लगत कट्टा	१,८६,५३३
१४	२०७९/८०	६२	समपुरक अंश	६३,४६,२४४
१५	२०७८/७९	५५	ह्यूम पाइपमा बढी भुक्तानी	१८,५६०
१६	२०७८/७९	२५	सेवाशुल्कमा कर कट्टी	६१,४०५
१७	२०७८/७९	२४	बेरीतको कर विजक	२१८
१८	२०७८/७९	६४	बुक कर्नर	४८,५५०
१९	२०७८/७९	५०	बीमाको म्याद नभएको	२१,७२०
२०	२०७८/७९	६०	बढी भुक्तानी	१,३६,७१८
२१	२०७८/७९	७२	पारिश्रमिक र अग्रिम कर	३५,६६५
२२	२०७८/७९	४२	नर्म्स भन्दा बढी भुक्तानीः	१,०१,९००
२३	२०७८/७९	६६.२	दिवा खाजा	७९,६२५
२४	२०७८/७९	३०	दाखिला गर्नु पर्ने करः	७,७०३
२५	२०७८/७९	६५	छात्रवृति वितरण	१,४६,०००
२६	२०७८/७९	७०	कर कट्टी नगरेको	९२,५२०
२७	२०७८/७९	७७	आन्तरिक लेखापरिक्षणबाट औंल्याएका बेरुजू कायम	२,१७,००३
२८	२०७७/७८	१३	शिक्षा	७१,५०,०००
२९	२०७७/७८	३	पेश्की बाँकी	२,७५,०००
जम्मा				१,७१,०१,१७३

मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक

(८०३२६४०६३००)

मण्डनदेउपुर नगरपालिका , काभ्रेपलाञ्चोक

परिचय

१

(क) परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न बागमती प्रदेश अन्तरगत मण्डनदेउपुर नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रवाह गर्नु हो। ८९ व.मि क्षेत्रफल रहेको यस नगरपालिकामा १२ वडा, ६५ नगरसभा सदस्य, जनगणना २०७८ नतिजाअनुसार ३०,३८१ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।१०।२९ देखि २०८२ ।११।५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय र व्ययतर्फ रु. १ अर्ब ९७ करोड २० लाख ३६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छन ।

२ एकिकृत आर्थिक विवरण

मण्डनदेउपुर नगरपालिका एकिकृत आर्थिक विवरण आर्थिक वर्ष २०८१/८२					
आय तर्फ			खर्च तर्फ		
क्र.सं	विवरण	रकम रु	क्र.सं	विवरण	रकम रु
१	**गत वर्षको जिम्मेवारी**	**१४१३३८५७८.९१**	**१**	**चालु खर्च**	**४२६६२३३३६.६८**
क	बैंक मौज्दात	१४१३३८५७८.९१	**२**	**पुँजिगत खर्च**	**२१९६३७१७६.**
२	**यस वर्षको धरौटी आम्दानी**	**८९९८४०३.**	**३**	**धरौटी**	**४०८८७९८.**
३	**आन्तरिक आय**	**३९०७४४६५.६९**	**४**	**अन्य कोषहरुको खर्च**	**५९२९०३४३.**
४	**बाँडफाँडबाट प्राप्त राजश्व**	**२०३९५०६५०.५८**	क	प्रकोप व्यवस्थापन कोष	२९५९५९१८.
क	संघीय राजश्व बाँडफाँडबाट	८८३३४१९२.३१	ख	मर्मत सम्भार कोष	२२१०५६५.
ख	प्रदेश राजश्व बाँडफाँडबाट	१९६२२०५७.४	ग	विविध खर्च खाता खर्च	२७४८३८६०.
ग	जिल्ला मालपोत (घरजग्गा रजिष्ट्रेशनबाट)	३७७४८९५७.६	**५**	**अन्तर सरकारी वित्तिय हस्तान्तरण**	**१६६८२९६५०.**
घ	स्थानीय (दहत्तर बहत्तरबाट प्राप्त)	५८२४५४४३.२७	क	*सामाजिक सुरक्षा तथा संरक्षण*	१६६८२९६५०.
५	**संघिय सरकारबाट प्राप्त अनुदान**	**४७०८४२४००.**	**६**	**अनुदान फिर्ता**	**७१९५३४८४.२**
क	समानिकरण अनुदान	१०००१८४००.	क	संघ तर्फ	**५६४६१८२६.०४**
ख	शशर्त अनुदान चालु	२५६११६०००	*अ*	*संघ शशर्त चालु अनुदान फिर्ता*	२६७९०१५३.०४
ग	शशर्त अनुदान पुँजिगत	७५२०८०००	*आ*	*संघ शशर्त पुँजिगत अनुदान फिर्ता*	८६२१२६.
घ	विषेश अनुदान	२४५०००००	*इ*	*विषेश अनुदान फिर्ता*	२४५०००००.
ङ	समपुरक अनुदान चालु	१५००००००	*ई*	*संघ शशर्त समपुरक अनुदान फिर्ता*	४३०९५४७.
६	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	**७८३१५०००.**	ख	प्रदेश तर्फ	**१५४९१६५८.१६**
क	समानिकरण अनुदान	१०७६४०००.	अ	*प्रदेश चालु अनुदान फिर्ता*	२७७११६८.१६

महालेखापरीक्षकको
काठमाडौं, नेप

ख	शशर्त अनुदान चालु	२४८९१०००	आ	*पद्रेश पुँजिगत अनुदान फीर्ता*	२८६१८६८.
ग	शशर्त अनुदान पुँजिगत	१२६६००००	इ	*प्रदेश समपुरक अनुदान फिर्ता*	९८५८६२२.
घ	समपुरक अनुदान चालु	३००००००००.	**७**	**कुल खर्च**	**९४८४२२७८७.८८**
७	**अन्य कोषबाट**	**५५६०३४००.८३**	**८**	**बैंक मौज्दात**	**२१६५२९७६१.१३**
क	प्रकोप कोषमा प्राप्त	**३८१४४३००.**			
ख	विविध खर्च खाता	**१७१३५१००.८३**			
ग	मर्मत सम्भार कोष(विविध कोष खाता)	**३२४०००.**			
८	**अन्तर सरकारी वित्तिय हस्तान्तरण**	**१६६८२९६५०.**			
क	*सामाजिक सुरक्षा तथा संरक्षण*	१६६८२९६५०.			
	कुल जम्मा	**११६४९५२५४९.०१**		**कुल जम्मा**	**११६४९५२५४९.०१**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन -**

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६६८२९६५० सुत्रमा लेखाङ्कन गरेको छैन ।पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेश गरी एकीकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि एकीकृत आर्थिक विवरण र सुत्र मार्फत हुने र सबै कारोबारको वित्तीय विवरण २७० मा भिन्नता देखिन्छ । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **रकमान्तर -**

पालिकाको नगरसभाको निर्णय मार्फत पालिकाको विनियोजन ऐन २०८१ को अनुसुचीमा समावेश भएका योजना तथा कार्यक्रम मध्ये ३२ वटा कार्यक्रम तथा योजना घटाएर २१ वटा नयाँ कार्यक्रम तथा योजना थप गरी रु. १५१३४५०० बराबरको रकमान्तर गरेको छ । यसरी आर्थिक वर्षको आधा अवधि भुक्तान भईसके पश्चात बनेका कार्यक्रमहरु पर्याप्त योजना र तयारीको अभावमा दीगो नहुने र बजेट खर्च बढेको देखिए पनि नीति तथा योजना, मध्यमकालीन खर्च संरचना तथा आवधिक योजनाले परिकल्पना गरे भन्दा फरक प्रवृत्तिमा खर्च हुनाले अपेक्षित रुपमा प्रतिफल प्राप्त गर्न नसकिने हुँदा यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८१/०३/१० गते रु. १ अर्ब ५ करोड ८७ लाख २ हजार ७७८ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१/०३/२५ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१/०३/३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ **बजेट विनियोजन-**

आर्थिक वर्ष २०८१।८२ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन र खर्चको अवस्था निम्नानुसार रहेको छ ।

कुल बजेट	चालु बजेट रु.	प्रतिशत	पूँजीगत बजेट रु.	प्रतिशत	कैफियत
१,०५,८७,०२,७७८	५८,८४,१४,१७४	५५.५८	४७,०२,८८,६०४	४४.४२	बजेट विनियोजन
	४२,६६,२३,३३६.६८	७२.५०	२१,९६,३७,१७६	४६.७०	खर्च रकम

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु १ अर्ब ५ करोड ८७ लाख २ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु ५८ करोड ८४ लाख १४ हजार (५५.५८ प्रतिशत) र पूँजीगत तर्फ रु ४७ करोड २ लाख ८८ हजार (४४.४२ प्रतिशत) विनियोजन भएको छ भने यस आर्थिक वर्षमा पुँजीगत बजेट कुल रु ४७ करोड २ लाख ८८ हजार बजेट विनियोजन भएकोमा रु २१ करोड ९६ लाख ३७ अर्थात कुल बजेटमा खर्चको प्रतिशत ४६.७० खर्च भएको छ साथै चालु खर्चतर्फ कुल रु ५८ करोड ८४ लाख १४ हजार बजेट विनियोजन भएकोमा रु ४२ करोड ६६ लाख २३ अर्थात कुल बजेटमा खर्चको प्रतिशत ७२.५० खर्च भएको छ ।विनियोजित बजेट मध्ये पूँजीगत खर्चको प्रतिशत तुलनात्मक रुपमा कम देखिएकोले यसमा सुधार हुनुपर्दछ ।

८ **भुक्तानी दिन बाँकीको विवरण -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र नियम ३९(१५) मा तोकिएका खर्च मात्र दायित्व सार्न सकिने व्यवस्था छ ।यस वर्ष पालिकाले गत वर्षको १२५५६३८७ को देहायका कार्यक्रमहरुको भुक्तानी बाँकी राखी दायित्व सारी यस वर्ष भुक्तानी गरेको छ ।स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आयको अनुमान वितरणको खाका, बजेट सीमा र श्रोतको सुनिश्चितताका आधारमा आगामी वर्ष दायित्व नसर्ने किसिमले गर्नुपर्नेमा यस आर्थिक वर्षमा भुक्तानी दिन नसकि दायित्व सृजना गर्दा आयको प्रक्षेपणका आधारमा बजेट बनाउनुपर्ने देखिन्छ ।

योजनाको नाम	रकम
आँपखोला पौवाटार बृहत खानेपानी योजना	५०००००
सल्लेवास पञ्चकन्या राइसमिल नजिक नाली निर्माणको कार्य	७०००००
ढाडे खानेपानी तथा ट्यांकी घेराबार योजना	३७०००
इन्द्रावती नदी नियन्त्रण तथा खेतियोग्य जमिन संरक्षण	३००००००
वडा नं ६ कार्यालय खानेपानी तथा सिपाघाट प्रहरी चौकी मर्मत कार्य	३८५०००
सिचाई पोखरी मर्मत वडा नं ११	४२००००
भेडिचौर खहरे मुल कुलो मर्मत योजना वडा नं ६	५०००००
उग्रेश्वर महादेव मन्दिर मर्मत	४०००००
ट्वाइलेट तथा धारा निर्माण ढाडे चिहान डाँडा	२४००००
तल्लो रानीटार नर्वन्दा मकैटार खानेपानी	५८५०००
रामजानकी विन्धवासिनी भजन समूह	१०००००
न्यायिक समिति समन्वय बैठक	२४०००
न्यायिक समिति फर्निचार फ्लेक्स	१५००००
नगर मेलमिलाप केन्द्र खाजा संचार यातायात मासिक खाजा	७६२००
न्यायिक समिति इजलास बैठक खाजा	३११९०
विवाद समाधान तथा मेलमिलाप सत्र संचालन	६६४८०
मेलमिलापकेन्द्र मासिक बैठक	९४८००
स्थानीय विषयको पाठ्यपुस्तक लेखन	७०००००
मसलन्द सुप्रिम जनरल सप्लायर्स	४९८३५२
फर्निचर KBS Multi Purpose company Pvt.Ltd	४८८८३८
OM Kalinchok Hardware & Suppliers वडा नं १० सौरवास टोलमा खानेपानी पाइप खरिद	४८९३३
कालिदेवी आधारभूत विद्यालय सिसिटिभी मर्मत तथा जडान HI Tech	३१५९४
पहिला पालिका बसेको घर मर्मत	४०००००
विद्यार्थी सिकाई सुधार कार्यक्रम	५७०००
विक्रम तामाङ (Mr. Tamang प्रतियोगिता) अनुदान	९९०००
मण्डनदेउपुर नगरपालिका प्रशासनिक भवन निर्माण	२५०००००
द्वारपालेश्वर मा.वि. कम्पाउण्ड निर्माण	४२३०००

९ **क्षेत्रगत बजेट र खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको २०८१/८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	६,१७,३५,०००	३,७१,६७,३५१.८१	६०.२
२	सामाजिक विकास	४८,७४,७४,०३७	३८,०१,२१,३७९.१३	७७.९८
३	पूर्वाधार विकास	२२,४३,८१,७९९	७,०८,६१,९५६.००	३१.५८
४	सुशासन तथा अन्तरसम्बन्धितक्षेत्र	६,९८,८८,६१०	२,८०,७५,८७८.००	४०.१७
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	२०,०२,२३,३३२	११,९३,४३,४९४.७४	५९.६१
कुलजम्मा		१,०४,३७,०२,७७८	६३,५५,७०,०५९.६८	६०.८९

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ७७.९८प्रतिशत र सबै भन्दा घटी पूर्वाधारविकासक्षेत्रमा अर्थात ३१.५८ प्रतिशत खर्च रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

१० **अबण्डा बजेट** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रम प्राथमिकरणका आधार तयार गरी श्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्नेमा पालिकाले यस वर्ष रु.५०,००,००० रकम चालु तथा पुँजीगत शीषकमा अवण्डा राखी २५ वटा कार्यक्रममा खर्च गरेको छ । बजेट अबण्डामा राखी कायपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पार्दशिता कायम भएको छैन । तसथ बजेट खर्चलाई पारदर्शी बनाउनुपर्दछ।

११ **खर्च विश्लेक्षण** -

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.३९०७४४६५.६९ राजस्व बाँडफाँडवाट रु.२०३९५०६५०.५८ गरी जम्मा रु.२४३०२५११६.२७ र अनुदानबाट रु.५४९१५७४०० समेत रु.७९२१८२५१६.२७ आम्दानी भएकोमा चालु तर्फ रु.४२६६२३३३६.६८ र पूँजिगत तर्फ रु.२१९६३७१७६ समेत रु.६४६२६०५१२.६८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.०५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी पारिश्रमिक तथा अन्य सुविधामा रु.१०२३६००० खर्च भएको छ जुन आन्तरिक आयको २६.२ प्रतिशत रहेको छ । पालिकाले कुल खर्चको तुलनामा ६६ प्रतिशत चालु, ३४ प्रतिशत पुँजिगत निर्माण तर्फ खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दिर्घकालिन विकास योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको देखिएन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **योजना प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	१९२	२९	८६	७७
२	वडास्तरीय	१७३	६	११७	५०
	जम्मा	३६५	३५	२०३	१२७

उपर्युक्त विवरणअनुसार पालिकाले १ लाख भन्दा कमका योजना, १ लाख देखि ५ लाखसम्मका १२७ योजना,५ लाख देखि २० लाखसम्मका २०३ योजना, २० लाखदेखि माथिका ३५ योजना गरी ३६५ योजनामा रु.४७ करोड २ लाख ८८ हजार विनियोजन गरि साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत तथा निर्माण कार्यको गुणस्तरमा समेत विचार गरी पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरणका आधारमा र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१४ **त्रैमासिक पूँजीगत खर्च** –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

सि.नं.	पूजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च पुँजीगत				असार महिनाको मात्र
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	संघीय पुँजीगत	८५०३६३२७	१६३०००००	0	३३४५८१२६	३५२७८२०१	२४३३४१८७
२	प्रदेश पुँजीगत	२९९३९५१०	0	0	६९५३४२४	२२९८६०८६	२२१९९९६८
३	पालिकाको पुँजीगत	१०४६६१३३९	७०४७८९५	0	२९५३९९१८	६८४५३३२८	४७५८३२५२
४	कूल खर्च	२१९६३७१७६	२३३४७८९५	0	६९९५१४६८	१२६७१७६१५	९४११७४०७
५	खर्च प्रतिशत	४६.७	१०.६३	०	३१.८५	५७.५२	४३.८७

उपरोक्त विवरण अनुसार पुँजीगत तर्फ मात्र वार्षिक रु.२१ करोड ९६ लाख ३७ हजार निकासा खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रु.२ करोड ३३ लाख ४७ हजार (१०.६३ प्रतिशत), दोस्रो त्रैमासिकमा खर्च नभएको तेस्रो त्रैमासिकमा रु.६ करोड ९९ लाख ५१ हजार (३१.८५ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१२ करोड ६७ लाख १७ हजार (५७.५२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड ४१ लाख १७ हजार (४३.८७ प्रतिशत) खर्चगरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलत हुने गरी कार्य गरिनुपर्दछ ।

१५ **अनुदान फिर्ता** –

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	३३१३२४०००	३०३६७१७२१	२७६५२२७९.०४
	विषेश	२४५०००००	0	२४५०००००
	समपुरक	१५०००००००	१०६९०४५३	४३०९५४७
जम्मा		३७०८२४०००	३१४३६२१७४	५६४६१८२६.०४
प्रदेश सरकार	शसर्त	३७५५१०००	३१९१७९६३.८४	५६३३०३६.१६
	समपुरक	३०००००००	२०१४१३७८	९८५८६२२
जम्मा		६७५५१०००	५२०५९३४१.८४	१५४९१६५८.१६
कुल जम्मा		४३८३७५०००	३६६४२१५१५.८	७१९५३४८४.२

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु.३७ करोड ८ लाख २४हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु. ३१ करोड ४३ लाख ६२ हजार बजेट खर्च भइ बाँकी रु.५ करोड ६४ लाख ६१ हजार मिति २०८२।३।२६ मा संघीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु.६ करोड ७५ लाख ५१ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु.५ करोड २० लाख ५९ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु.१ करोड ५४ लाख ९१ हजार मिति २०८२।३।२६ मा प्रदेश संचित कोषमा फिर्ता देखिन्छ ।

१६ **बैंक हिसाब मिलान –**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२)अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैंक हिसाब मिलान विवरण (म.ले.प. फा.नं. २१२) तयार गरी हिसाव भिडान समेत गर्नुपर्दछ।स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (सुत्र) को बैंक तथा नगद बाँकीको प्रतिवेदन देहायबमोजिम रहेको छ ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८२ असार मसान्तको बाँकी
1	सञ्चित कोष	१५७५७३६९६.१६	१५७५७३६९६.१६
2	चालु खाता	0	
3	पूँजीगत खाता	0	
4	मर्मतसम्भार तथा विविवध कोष खाता	४४५६६७३.३२	४४५६६७३.३२
५	प्रकोप व्यवस्थापन कोष खाता	१३२१६०७१.४	१३२१६०७१.४
६	विविध खर्च खाता	२०२३९११२.४८	२०२३९११२.४८
७	धरौटी खाता	२,१०,४४,२०७.७७	२,१०,४४,२०७.७७

१७ **लक्ष्य प्रगती -**

पालिकाले आ व २०८१।८२ मा ३६५ योजना तर्जुमा गरेका मध्ये ३०० वटा योजनामात्र कार्यान्वियनमा गएको देखिन्छ । बाँकी ६५ वटा योजना कार्यान्वियन हुन सकेको देखिदैन ।भने १४ वटा कार्यक्रमको ५० प्रतिशत मात्रै कार्य सम्पन्न भई बााँकी योजना कार्यान्वियन तथा सम्पन्न भइसकेका छन। योजनाको आवश्यकतालाई मध्यनजर गरी सोही अनुरुप आयोजना तर्जुमा गर्ने र त्यसको कार्यान्वियन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

१८ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने आधार देखिएन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु. देहायबमोजिम रहेका छन:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालिन खर्चको संरचना तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।

• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• निजामति सेवा ऐन २०४९ बमोजिम कार्य विवरण बनाई लागु गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पतिको संकलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरुको अभिलेख राखेको पाइएन ।

• तलवी प्रतिवेदन पारित नगरेको

• शीर्षक फरक पारी खर्च लेख्ने गरेको

उपर्युक्तानुसार स्थिति देखिंदा पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

१९ **आर्थिक सहायता, भैपरी आउने, प्रशासनिक खर्चको वितरण** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले कार्यपालिकाको निर्णय बमोजिम आवश्यकताका आधारमा एक पटक नगर प्रमुखको तोक आदेशको आधारमा आर्थिक सहायता प्रदान गर्ने गरी निर्णय गरेकोमा पालिकाले यस वर्ष रु.५००० देखि रु.५०००० सम्म ५५ जनालाई रु.१६०७२२९,भैपरी आउने खर्च रु.४९९९२३६- वितरण गरेको छ । साथै प्रशासनिक खर्चमा रु.४८२३२१८ खर्च गरेको छ । जुन रकम कुल आन्तरिक आयको (११.७५) प्रतिशत हुन आँउछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

२० **न्यायीक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाको न्यायिक समितिमा गत वर्षबाट जिम्मेवारी सरेको ६ मुद्दा र यस वर्ष २४ वटा विवाद दर्ता गरी जम्मा ३० वटा मुद्दामध्ये यस वर्ष १४ वटा फस्यौट तथा कारवाही भई १६ वटा बाँकी रहेका छन। बाँकी मुद्दा कानुनले तोकेको समयमा नै फस्यौट गर्नुपर्दछ ।

२१ **कानुन निर्माण** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका ३२ ऐन, ३५ नियमावली र १३ कार्यविधि तथा निर्देशिका गरी जम्मा ८० वटा कानुन निर्माण पश्चात स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ ।

२२ **सेवा प्रवाह** -

पालिकाले यस आर्थिक वर्ष जन्मदर्ता ७०६,मृत्यु दर्ता ३२९, बसाईसराई दर्ता ३९, विवाह दर्ता ३३४, सम्बन्ध विच्छेद ३९ गरी १४४७ जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ ।पालिकाले प्रदान गर्ने सेवा चुस्त दुरुस्त बनाउनुपर्दछ ।

२३ **सहकारी संस्थाको विवरण-**

पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

सहकारी संस्थाको किसिम	संख्या	सदस्य संख्या	शेयर पुँजी रु.	बचत रु.	ऋण लगानी रु.	जगेडा कोष
वचत तथा ऋण सहकारी संस्था लिमिटेड	१८	१०८३९	६९४१४४६०	२२२३२६९२७८१	७७५४९४६५३	५४७५१७७
बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	८	३१८४	२१७२६८२४	४८४७७१५७	११७४७१३८३	११६२८७७
कृषि सहकारी संस्था लि.	२२	४९१४	२९१४५८००	५९७९०१९१	४९०७९८९८	४६११२७८
अन्य सहकारी	३३	४७५०	२००२०५१	२९५४३६६	५३९७४३०	१३४९९८६
जम्माः	८१	३२६८७	१२२२८९१३५	२२३४९१४४९५	९४७४४३३६६	८४४९१६८६

उल्लेखित विवरण अनुसार पालिकामा दर्ता भएका ८१ वटा सहकारी संस्थामा ३२६८७ जना सदस्य संख्या, सहकारी लगानी भएको शेयर पुँजी रु.१२२२८९१३५,बचत रकम रु.२२३४९१४४९५, ऋण लगानी रकम रु.९४७४४३३६६ र जगेडा कोष रकम रु.८४४९१६८६ रहेको छ ।

२४ **सहकारी संस्थाको अनुगमन –**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छ ।

- कतिपय सहकारी संस्थाले यस नगरपालिकाको सहकारी संस्था सञ्चालन र प्रवर्द्धनको व्यवस्था गर्न बनेको ऐन २०७४ को दफा को उपदफा बमोजिमका विवरणहरुसहित प्रतिवेदन आ.व. समाप्त

भएको ३ महिनाभित्रदर्ता/ सुचीकृत गर्ने अधिकारी समक्ष पेशगर्नुपर्ने

· केहिसहकारी संस्थाहरुकोनागरिकवडापत्रभएपनिअधिकाँशसहकारीसंस्थाहरुलेआफ्नोकार्यालयमानागरिकवडापत्रकोव

· केहिसंस्थाकाकार्यालयमासंस्थाकोवोर्डसमेतव्यवस्थपनगर्नेपर्ने

· बचत तथा ऋण कारोवार गर्ने सहकारी संस्थाहरुले कम्प्युटर सफ्टवेयर प्रणाली लागु गरे पनि सवै सहकारी संस्थाहरु कम्पुयरकृत सफ्टवयर प्रणालीमा आवद्द हुनुपर्ने देखिएको

· कतिपयसहकारीसंस्थालेविभागीयपरिपत्रआदेशनिर्देशनलाईसञ्चालकसमितिकोछलफलकोविषयवनाउनुपर्ने

· सवैसंस्थाहरुसेवाप्रवाहकोनियमिततालिकावनाउनुपर्ने

· केहि सहकारी संस्थाहरु मूल उद्देश्य भन्दा पृथक सहायक उद्देश्यमा केन्द्रित भएको

· केहि सहकारी संस्थाको आवधिक निर्वाचन बार्षिक साधारण सभा वार्षिक लेखापरिक्षण प्रतिवेदन कार्य नियमित नभएको

· केहि सहकारी संस्थाहरुले साधारण सभाको माइनेट लेखनमा त्रुटी तथा अपूर्णता र अपुरो देखिएको हुँदा पुरा गर्नुपर्ने

· सहकारी संस्थाहरु कोपोमिसमा आवद्द भए पनि नियमित रुपमा विवरण अद्यावधिक गर्नुपर्ने

· संस्थासंग सम्बन्धित कागजातहरु सुरक्षित तथा छिटो छरितो पहुचयोग्य रुपमा राख्नु पर्ने

अनुगमनबाट माथि उल्लेखित विवरण देखिएतापनी पालिकाले कुनै कारबाही गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने जोखिम रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित अनुगमन गरी वचतकर्ताको लगानी सुनिश्चित गरिनु पर्दछ ।

२५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत स्थायी ६४ र करार ९४ सहित १५८ जना पदपूर्ती भएको देखिन्छ जसमध्ये ७० जना दरबन्दी बाहिरका कर्मचारी छन भने स्वीकृत दरबन्दी भित्र लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जीनियर, जन स्वास्थ्य अधिकृत सहित ४४ पदहरु रिक्त रहेका छन् । आवश्यकताका आधारमा दरबन्दी व्यवस्थापन गरिनुपर्दछ ।

२६ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी -**

पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ७५ जना स्थायी कर्मचारीलाई रु.५८८३८०३०.४२ तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८२/८३ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । नियमानुसार तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च गर्नुपर्दछ ।

२७ **अनुदान व्यवस्थापन-**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संरक्षणमा सञ्चालन गर्ने विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस मन्त्रालय र पालिकावाट ३५३३ जनाको लागि रु १ करोड ३९ लाख ३ हजार खर्च भएको व्यहोरा

निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

पशुपन्छी विकासतर्फ			
क्रम	अनुदानको किसिम	व्यक्ति संख्या	खर्च भएको रकम रु.
१	५० प्रतिशत लागत साझेदारीमा कम्वाइन मिल र च्याफकटर वितरण वडा नं २	६६	९०६०००
२	५० प्रतिशत लागत साझेदारीमा गोठ सुधार वडा नं ३	५	२५००००
३	५० प्रतिशत लागत साझेदारीमा लैनो भैंसी वितरण	१३	९७५०००
४	५० प्रतिशत लागत साझेदारीमा कम्वाइन मिल र च्याफकटर वितरण वडा नं ८	६५	९३००००
५	५० प्रतिशत लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम बोका वितरण	४७	१००००००
६	उत्पादनमा आधारित दुधमा अनुदान	३१८६	७७३४५०९
जम्मा		३३७१	११७९५५०९
कृषि विकासतर्फ			
७	तरकारी खेती प्रवर्द्धन कार्यक्रम वडा नं १०	६२	१००००००
८	कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम वडा नं १२	७२	१००००००
९	कृषि औजार र कुटानी पिषानी मेशिन खरिद वडा नं ९	२८	१०७८८०
जम्मा		१६२	२१०७८८०
कुल जम्मा		३५३३	१३९०३३८९

२८ **इन्धन खर्च** –

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सूबिधा सम्वन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम प्रमुख तथा उप प्रमुखले मासिक १०० लिटर ईन्धन र ५ लिटर मोविल, वडा अध्यक्षलाई मासिक २० लिटर ईन्धन र १ लिटर मोविल पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७८ को दफा १४ अनुसार अनुसूची ३ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी, कार्यालय प्रयोजन / अन्य प्रयोजन समेत ११ वटा चार पाङ्ग्रे एम्बुलेन्स तथा एक्साभेटर सहित र ४१ दुई पाङ्ग्रे सवारीको लागि सवारीको लागि बार्षिक रु.३६८९८२९ ईन्धनमा खर्च गरेकोमा लगबुक पूर्ण रुपमा अभिलेख नराखी आशिंक रुपमामात्र राखेको देखिन्छ भने ऐन र नियममा भएको ईन्धन सुविधाको सीमाको समेत पालना गरेको देखिएन । पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लेखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्नुपर्दछ।

२९ **ठेक्का अभिलेख** -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३० **निर्माण कार्य व्यवस्थापन** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यम तथा नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ।जस अनुसार ठेक्का तथा उपभोक्ता समिति मार्फत गरिएका कार्य देहाय अनुसार रहेका छन् ।

योजना संख्या	ठेक्का मार्फत		उपभोक्ता समिति मार्फत	
	संख्या	रकम	संख्या	रकम
३००	३७	१९५४८२१७६	४९	२४१५५०००

यस आर्थिक वर्षमा पालिकाले तर्जुमा गरेका ३६५ योजनामा ६५ वटा योजना कार्यान्वयनमा नगएका र कार्यान्वयन भएका ३०० योजना मध्ये सम्भव भए सम्मका योजनालाई प्याकेजिङ गरी ३७ वटा ठेक्का मार्फत ३५१ वटा योजनामा रु.१९ करोड ५४ लाख ८२ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ४९ योजनामा रु.२ करोड ४१ लाख ५५ हजार खर्च गरेको छ । अर्थात २५१ योजनामा भएको खर्च रु.१९ करोड ५४ लाख ८२ हजार मध्ये ८९ प्रतिशत ठेक्का प्रक्रिया मार्फत र ११ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले यस वर्ष संचालित योजनाहरुमा सडक पिच ३ किलोमिटर, सडक ग्रावेल ३०० घन मिटर र नयाँ ट्रयाक २.८ किलोमिटर कार्य गरेको छ ।

३१ **ठेक्का व्यवस्थापन -**

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

कार्यक्रम/ शीर्षक	खरिद सम्झौता							
	कुल जम्मा योजना		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
बोलपत्रबाट	३७	२४५८८१५९६.९०	४		१०		२३	

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागी रु.२४ करोड ५८ लाख ८१ हजार लागतको ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु करोडको ठेक्का, दोश्रो चौमासिकमा रु करोड लाखको ठेक्का व्यवस्थापन भएको र तेस्रो चौमासिकमा ठेक्का व्यवस्थापन नभएको देखिन्छ । ठेक्का व्यवस्थापन मार्फत ६ वटा योजनाहरुमा रु खर्च भई आर्थिक वर्षको अन्त्यसम्ममा वटै ठेक्का सम्पन्न भएको देखिन्छ।

३२ **प्रतिस्पर्धात्मक स्थिती -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ७।०९ देखि ५५।६ प्रतिशत सम्म घटीमा कबोल गर्ने योजना कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो ।

यसका उदाहरण निम्नानुसार रहेका छन् ।

क्रस	योजनाको विवरण	निर्माण व्यवसायी को नाम	ठेक्का न.	लागत अनुमान VAT सहित	सझौता रकम	घटी प्रतिशत
1	फेदी बैकल्पिक सिपाघाट सडक	Al is well Construction Pvt. Ltd	01/WORKS/NCB/ MDM/२०८१।८२	३९९९७६२२.८६	२१०२२८२३.८६	-४६.९
2	नयागाउँ खस्रे नगरकोट सडक	G.D/ Subham/ Suvaramva JV	02/WORKS/NCB/ MDM/२०८१।८२	३७४८५५४१.१९	२२८७४६२७.८	-३८.१
3	फेदी चण्डेनी हल्देछाप सडक	G.D/ Subham/ Suvaramva JV	03/WORKS/NCB/ MDM/२०८१।८२	३६५७२२८५.८३	२२८२८१४३.१७	-३८.७
4	कुन्ता नयागाउँ नगरकोट सडक	Aron Nirman Tatha Suppliers	04/WORKS/NCB/ MDM/081/82	८९९७२९०.४७	४५३४७८२.२५	-४९.२
5	रस्कमल सहिद पार्क निर्माण	Birbhadra Engineering and Suppliers Pvt. Ltd	05/WORKS/NCB/ MDM/२०८१।८२	१३९९९५०२.७२	१०००१७०६.१२	-२८.३
6	दारमेटार गुरागाईटार सातपाथे सडक स्तरोन्नती	JalpariConstruction And Suppliers Pvt. Ltd	06/WORKS/NCB/ MDM/२०८१।८२	३९९८३५६.३१	२४६७३४७.८४	-३८.९
7	वडा नम्वरर ८ का निर्माण योजनाहरु	Gautam & Aarabh Construction Pvt. Ltd	07/WORKS/NCB/MDM/ २०८१।८२	२८९४०२७.६१	१९००७३३.२१	-३५.१
8	वडा नं. 7 का बिभिन्न योजनाहरु	Bagwoti Nirman Sewa	09/WORKS/NCB/MDM/ २०८१।८२	१८१२१४२.८९	१५२२३४७.७८	-१७.२
9	वडा नम्बर ६ का बिभिन्न योजनाहरु चरण-१	M.S Construction	10/WORKS/NCB/MDM/ २०८१।८२	२४९९८९४.८७	२०६९५६१.७६	-१५.४
10	वडा नम्बर ११ का बिभिन्न योजनाहरु	Bagwoti Nirman Sewa	11/WORKS/NCB/MDM/ २०८१।८२	२३९९६६६.५६	१९३९०३८.३९	-१७.७
11	पशु चिकित्सा औषधी तथा समग्री खरिद	Kavre Vetenary	12/Goods/NCB/MDM/ २०८१।८२	२४८३९१०	१३८३५३७	-५१.४
12	मण्डनदेउपुर नगरपालिकाको लागि औषधि आपूर्ति र वितरण	Helping Health Polyclinic Pvt. Ltd	13/Goods/NCB/MDM/ २०८१।८२	३४२६६७५	१२२५९२०.०५	-६८.३
13	वा नं. ४ का बिभिन्न योजनाहरु	Gautam & Aarabh Construction Pvt. Ltd	14/WORKS/NCB/MDM/ २०८१।८२	२०९३२३४.३५	१५०३१८७.३८	-३०.३
14	वडा स्तरिय मन्दिर , पाटी , चौतारो , पार्क तथा प्रतिक्षालय तथा खेल मैदान निर्माण र हल्दे-हिमज्योति-मैतार सडक निर्माण	Bagwoti Nirman Sewa	15/WORKS/NCB/MDM/ २०८१।८२	१०९८२८५.६२	९५२१६७.८३	-९.८४
15	नगरकोट पर्यटन विकास कार्यक्रम , मण्डनदेउपुर–२	M.S Construction	16/WORKS/NCB/MDM/ २०८१।८२	४९९८८१०.८७	३६३३०७६.१	-२६.८
16	वडा नम्बर १ को बिभिन्न योजनाहरु	Jalpari Construction & Suppliers Pvt. Ltd	17/WORKS/NCB/MDM/ २०८१।८२	३२९५७७५.१३	२८७४५५५.१५	-११.५
17	वडा नम्बर ९ क बिभिन्न योजनाहरु	TrimurtiNirman Sewa	19/WORKS/NCB/MDM/ २०८१।८२	२६०६७४२.४	२३६९०९८.२३	-७.९६
18	वडा नम्बर १२ को बिभिन्न	Bagwoti Nirman Sewa	20/WORKS/NCB/MDM/	१४४९७७३.२८	१३७४४४०.४७	-१.८४

	योजनाहरु		२०८१।८२			
19	प्रदेश सासरता अनुदन संग साझारिमा नयागाउ ट्याङ्की डान्डा घुमाउने चौइर सडक तारुन्नति	Taudil Builders	21/WORKS/NCB/MDM/ २०८१।८२	४९९३८३४.७८	२८३६७८६.९२	-४३.७
20	वडा नम्बर २ भित्रका बिभिन्न योजना	Deep Laxmi Construction	22/WORKS/NCB/MDM/ २०८१।८२	१७९९६०५.५१	१४३६२६८.२५	-२०.३
21	बायरबोट-ओखलढुंगा आर.सी.सी सडक योजना	Gautam & Aarabh Construction Pvt. Ltd	23/WORKS/NCB/MDM/ २०८१।८२	३९९१७१४.३३	२४५८१८९.७१	-३९.७
22	जैसिथोक स्वास्थ्य चौकी भवन निर्माण/सवलिकरण	Gautam & Aarabh Construction Pvt. Ltd	25/WORKS/NCB/MDM/ २०८१।८२	१५९९९४९.५५	१२३६२७०.९२	-२२.१
23	वडा नम्बर ५ का बिभिन्न योजनाहरु फेज-१	Trimurti Nirman Sewa	26/WORKS/NCB/MDM/ २०८१।८२	३९९८००१.०९	३५४९५७३.८९	-१०.८
24	वडा नम्बर ३ का विभिन्न योजनाहरु	Dhap Bhotechur Nirman Sewa Pvt. Ltd	27/WORKS/NCB/MDM/ २०८१।८२	१४९९६०२.४५	१३५८५०८.९८	-७.४
25	स्टेशनरी र अन्य कार्यालय सम्बन्धित सामान खरिद	L.B Multipurpose Company Pvt. Ltd	29/Goods/NCB/MDM/ २०८१।८२	२०२३३१०	१२७९२५०.४	-५७.३
26	वडा स्तरीय सम्पुर्ण लगत साझेदारी गर्ने योजना र मेसागाउँ टोल बस्ती मोटरबाटो स्तरोन्नती कार्तिके काभ्रो साठीकुरिया रोहिणी मोटरबाटो निर्माण	Dhap Bhotechur Nirman Sewa Pvt. Ltd	30/WORKS/NCB/MDM/ २०८१।८२	१२९९४४७.९४	११८६६३८.६५	-८.७८
27	बन्चरेखोला तिमालटोल, योङ्नटोल ट्याङ्कीडाँडा लामाटोले खानेपानी योजना र खानेपानी कुवा, धारो र ट्याङ्की निर्माण/मर्मत	Chchhorolpa Construction and Suppliers Pvt. Ltd	34/Works/NCB/MDM/ २०८१।८२	५४६८९५३.४१	४८४३८५२.६२	-१०.९
28	ग्याबिन खरिद गर्ने काम	Aashapuri Wires Pvt. Ltd	37/Goods/NCB/MDM/ २०८१।८२	२९९७२७१.८९	२५६९७६५.७७	-१४.३
29	वडा नम्बर ११ का वडा स्तरीय खानेपानी मर्मत सम्भार तथा सिंचाईका योजनाहरु (पुनः बोलपत्र)	Vinayaak Construction	24/Works/NCB/MDM/ २०८१।८२	९९९८४६.७२	९०५५८२.१७	-७.१८
30	बैकल्पिक विद्युत ब्याकअप तथा ब्याट्री खरिद	Milan Multi International	38/Goods/NCB/MDM/ २०८१।८२	१७५१९८५	१३५६०००	-२२.६
31	वडा नम्बर १ को बिभिन्न योजनाहरु फेज २	Deep Laxmi Construction	35/Works/NCB/MDM/ २०८१।८२	२२४८३९८.४	२०५५९३१.४६	-८.५९
32	जोगीटार पाटिगुठी निर्माण	Success Construction and Developers	39/WORKS/NCB/MDM/ २०८१।८२	२९८८५३५.३८	२८९०३३२.४९	-७.०९

३३	सेनेटरी प्याड खरिद	Health & Hyguine Products Pvt. Ltd	39/Goods/SQ/MDM/ २०८१।८२	११२०५०३५	१०००००४०.४	-१७
३४	वडा कार्यालय- 12 नं. भवन निर्माण योजना	M.S Construction	41/WORKS/NCB/MDM/ २०८१।८२	१९९९५९२.२५	१४३५६६४.८७	-२८.६
३५	औद्योगिक मार्ग पहुच मार्ग निर्माण	Shrestha Nirman Sewa	31/WORKS/NCB/MDM/ २०८१।८२	१९९९९००२.६६	८७८२४९२.६	-५५.६
37	नगरसभाहल निर्माण कार्य	केशव निर्माण सेवा		१३३९१८८२.६२	९३३९४९३.७६	-३१.५४

३३ **परामर्श सेवा -**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायका परामर्शदाता कम्पनीलाई रु.८५५६३६ परामर्श शुल्कवापत भुक्तानी गरेको छ ।

कार्य विवरण	परामर्शदाता	खर्च रकम
थारखोला तथा ढाँडखोला नदिबाट नदिजन्य सामाग्री उत्खनन् सम्बन्धमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE)	PRAGYA CONSULTANCY	४,२२,१६८
चाखोला तथा आँशीखोला नदिबाट नदिजन्य सामाग्री उत्खनन् सम्बन्धमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE)	MOUNTAIN THOUGHTS PVT.LTD	४,३३,४६८
	जम्मा	८,५५,६३६

परामर्श सेवा लिइसकेपछि सो प्रतिवेदनको कार्यान्वयन हुनुपर्दछ।

३४ **सामुदायिक वनको कार्ययोजना -**

(३२८।२०८२।०३।२५) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख (१) मा सामुदायिक वन उपभोक्ता समितीले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो बार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्विकृत गराउनुपर्ने त्यसैगरी उपदफा २ मा उपदफा १ बमोजिमको वन पैदावार बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम समबन्धीत गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था उल्लेख छ । यस ऐन बमोजिम सामुदायिक वनले आफ्नो बार्षिक कार्ययोजना तयार गरी पालिकाबाट स्विकृत गराउनुपर्नेमा, स्थानीय दाइटार सामुदायिक वनको कार्ययोजना निर्माणका लागि अरनिको एसोसिएट्स सँग सम्झौता गरी पूँजीगत परामर्श शिर्षकबाट उक्त कार्ययोजना निर्माण बापत रु ९९४४०। उक्त फर्मलाई भुक्तानी गरेको देखिन्छ । सामुदायिक वनले तयार गर्नुपर्ने कार्ययोजनाका लागि पालिकाबाट भुक्तानी भएकाले उक्त कार्यका लागि भुक्तानी भएको रु.९८१२०। (१.५% कर कट्टि पश्चात) सम्बन्धीत सामुदायिक वनबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	९८,१२०

३५ **गुरुयोजना निर्माण -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने र दफा ५६ मा काबु बाहिरको परिस्थिती , सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता को अवधि थप गर्न सकिने व्यवस्था छ, त्यसैगरी सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धीत परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा एक्काइस दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने र कार्यालयले उक्त निवेदन उपर आवश्यक जाँच गराई म्याद थप गर्न सक्ने व्यवस्था छ । यस पालिकाले आवधिक योजना, मध्यमकालिन खर्च संरचना र नगर सडक यातायात गुरुयोजना तयार गर्नका लागि २०८०।१२।०१ गते स्वशासन अध्ययन प्रतिष्ठान, काठमाडौँसँग २०८१।०२।३० सम्म उक्त कार्य समपन्न गर्ने गरी रु.१८,१६,५१५ सम्झौता गरेको छ । तीन महिनाको अवधिभित्र सक्ने गरी उक्त परामर्शदाताले कार्ययोजना सहितको सम्झौता भएकोमा उक्त योजनाको म्याद पटक पटक गरी २०८२।०९।२९ गते सम्म थप भएको देखिन्छ । म्याद थप गर्दा कार्यापालिकाबाट निर्णय गराई म्याद थप भएको देखिन्छ, कार्यपालिकाको निर्णयमा म्याद थपको उचित कारण खुलाएको देखिदैन । यसरी छोटो समयभित्र कार्य समपन्न गर्ने गरी सम्झौता गर्ने र समयमा नै नसकिएको कारण पटक पटक म्याद थप गर्ने परामर्शदाताले सम्झौता बमोजिमको कार्य गर्न भरमग्दुर प्रयास गरे नगरेको यकिन हुन सकिदैन । त्यसैगरी कार्यालयको मध्यकालि खर्च संरचना निर्माणका लागि बजेट तथा कार्यक्रममा अनधकृत व्यक्ति / संस्थाको पहुँच कायम हुने र यसले कार्यालयको गोपनीयता भंग हुने जोखिम रहने हुँदा यस्ता कार्य आफनो जनशक्तिबाट गराउनुपर्दछ।

३६ **नगरकोट पर्यटन विकास पर्यावरण कार्यक्रम (16/works/NCB/MDM/081/82) -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क. मा संवत् २०८०।११।२१ सम्म खरिद सम्झौताको म्याद समाप्त हुने तर खरिद सम्झौता बमोजिमको काम सम्पन्न नभएको वा हुन नसक्ने अवस्थामा रहेको निर्माण कार्यको सम्झौताको अवधि थपको लागि निवेदन पेश हुन आएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले कम्तिमा २ वटा माइलस्टोन तोकी थप आर्थिक व्ययभार नपर्ने गरी निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका बमोजिम कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याइँ र कार्यसम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका सहित म्याद थपका लागि निवेदन दिएमा वास्तविक लाग्ने अवधि यकिन गरी कार्यसम्पादन तथा पेश्की जमानतको अवधि कायम गरी बोलपत्र स्वीकृत गर्ने पदाधिकारीले म्याद थप गर्न थप गर्न सकिने, त्यस्तो निर्माण व्यवसायीले त्यस्तो प्रगति हासिल नगरेमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने, थप गरिएको अवधिसम्म पनि निर्माण कार्य सम्पन्न नभएमा खरिद सम्झौताको अन्त्य गर्नुपर्ने लगायतका व्यवस्था रहेको छ । यस कार्यालयले नगरकोट क्षेत्रको पर्यटन विकासका लागि भवन लगायतका पूर्वाधार सम्बन्धी निर्माणका लागि रु.४९,९८,८१०।८७ को लागत अनुमान तयार गरी विद्युतीय माध्यबाट ठेक्का आह्वान मार्फत लागत अनुमान भन्दा २७।३२ प्रतिशत घटि रु.३६,३३,०७६।१० मु.अ.कर र पि.ए. सहित कबुल गर्ने एम. एस. कन्स्ट्रक्सन प्रा.लि.सँग २०८२।०३।२५ सम्म कार्य समपन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ । उक्त सम्झौता बमोजिम पालिकाबाट हाल सम्म प्रथम रनिङ बिल बापत २०८२।०२।०४ गते सम्म रु.२१,२६,०६९।९० भुक्तानी भएको छ। २०८२।०३।२५ सम्म कार्य सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवासायीले २०८२।०१।२२ मा उक्त कार्यको म्याद थपका लागि निवेदन दिएकोमा कार्यापालिकाको निर्णय बमोजिम उक्त कार्यका लगि २०८२।११।३० सम्म म्याद थप भएको छ । यसरी म्याद थप गर्नुको कारण उल्लेख नभएको र एकै पटक लामो अवधिको म्याद थप गर्दा निर्माण व्यवसायीबाट काममा ढिलासुस्ती हुने हुँदा आवश्यक्ता अनुसार कार्ययोजना माग गरी म्याद थप गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

३७ **नगर प्रोफाइल निर्माण** -

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको गाउँ\नगर वस्तुस्थिती विवरण तयारी (पहिलो संशोधन) कार्यविधी, २०७८ अनुसार यस नगरपालिकाको डिजिटल नगर प्रोफायल तयार तयार गर्नका लागि परामर्श सेवा खरिद गरेकोमा उक्त खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्न रहेका छन्

३७.१ लागत अनुमानः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२(२) मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले परामर्श सेवा सम्बन्धी नर्मश तयार गरेको त्यस्तो नर्मश, सम्बन्धीत परामर्श सेवाको कार्यक्षेत्रगत नर्मश,

सम्बन्धीत सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अधिल्ला बर्षहरुमा खरिद गर्दा लागेको वास्तविक लागत लगायतका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले नगरपालिकाको डिजिटल प्रोफाइल तयार गर्नका लागि मु.अ.कर सहित रु.१८,९८,९५५। को लागत तयार गरी कार्यालयमा सूचिकृत तीन फर्मसँग दररेट माग गरी सबभन्दा कम रकम रु.१८,९०,४९०। कबोल गर्ने इन्लोगोस प्रा.लि., काठमाडौँ सँग २०८१।१२।०१ मा २०८२।०३।१५ गते सम्म समपन्न गर्ने कार्य योजना समेत पेश गरी सम्झौता गरेको छ ।

३७.२ भुक्तानीः यस नगरपालिका र परामर्शदाता इन्गोलोस प्रा.लि.बिच २०८१।१२।०१ मा भएको सम्झौताको बुँदा नं ३.२ मा पालिकाले पहिलो किस्ता बापत सम्झौता रकमको २५ प्रतिशत प्रारम्भिक प्रतिवेदन प्राप्त भइ सकेपछि, दोश्रो किस्ता सम्झौता रकमको ५० प्रतिशत मस्यौदा योजना प्रतिवेदन प्राप्त भएपछि, तेस्रो किस्ता अन्तिम योजना प्रतिवेदन प्राप्त भएपछि कुल सम्झौता रकमको २० प्रतिशत र बाँकी ५ प्रतिशत डिजिटल नगर प्रोफाइल तयार गरी प्रथम पक्षलाई बुझाएको मितिले १ बर्ष सम्म डिजिटल नगर प्रोफाइलको प्रविधि सञ्चालन सहायता, सहायक सेवाहरु तथा विवरणहरु अद्यावधिक गर्न दोस्रो पक्षले निशुल्क सहजिकरण गरेपश्चात भुक्तानी दिने उल्लेख छ । तर यस पालिकाले परामर्शदातालाई प्रथम किस्ता बापत ५० प्रतिशत रकम सम्झौता भएको २० दिन पछि अर्थात २०८०।१२।२० मा रु. ९१७०१७।र बाँकी ५० प्रतिशत रकम अन्तिम योजना प्रतिवेदन प्राप्त भएपछि अर्थात २०८१।११।१३ मा रु. ९१७०१७। भुक्तानी दिएको देखिन्छ । यसरी भुक्तानी दिँदा सम्झौताका शर्तहरु पालना नभएको देखिएकाले सम्झौताका शर्तहरु पालना गर्नेतर्फ कार्यालयलको ध्यान जानुपर्दछ ।

३८ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले केही योजना हरु उपभोक्ता समिति वाट गराउने गरेको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

३८.१ (क) खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

३८.२ ख) प्राविधिक विल र कार्यसम्पन्न - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३८.३ ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्तासमितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन

तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

३८.४ घ) हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाइएन ।

३८.५ ङ) लागत सहभागिता - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३८.६ च) आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

३९ **सडक सरसफाई** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने समेतको व्यवस्था छ । यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ ।निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउँदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ ।

क्र.सं.	योजनाको नाम	निर्माण व्यवसायीको बिल रु	कार्य समपन्न रु	निर्माण व्यवसायीको नाम
१.	विभिन्न सडक सरसफाई वडा नं १२	२३७५००	२३५०२६।९७	बागेश्वरी अर्थमुभर्स सोलुसन प्रा.लि.
२.	भित्रि सडक सरसफाई वडा नं १०	२२९९५९।५२	२२५३१७।०३	कुन्ता यूनाइटेड कन्स्ट्रक्सन एण्ड सप्लायर्स
३.	भित्रि सडक सरसफाई वडा नं १	३३९६९७	३४०१४४	दिप लक्ष्मी कन्स्ट्रक्सन
४.	वडा भित्रको बिग्रिएको बाटो मर्मत वडा नं ९	४७५०००	४७२३००।८४	सक्षम सप्लायर्स प्रा.लि.

४० **होमस्टेलाई अनुदान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्विकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । त्यसैगरी दफा ७६ मा ६२ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुलक लगाउन सक्ने व्यवस्था छ । यस पालिकाले यस बर्ष निम्न संस्थाहरुलाई कार्यपालिकाबाट निर्णय गराई निम्न उल्लेखित रकम अनुदान स्वरुप उपलब्ध गराएको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन बमोजिम सेवा शुल्क असुल गर्नुपर्नेमा पालिकाबाट अनुदान दिएको देखिन्छ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष खस्रेपाखा होमस्टे नाफामूलक संस्थालाई कार्यापालिकाको निर्णय बमोजिम कार्यालय व्यवस्थापन तथा नयाँ बर्षको मनाउने लगायतमा पटक पटक गरी कुल रु.५,००,०००। अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५,००,०००

४१ **बढि भुक्तानी** -

(२३३।२०८२।०३।२३)सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याँङ्कन, विल भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । यस कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चैनपुर रोजगार उपभोक्ता समितीलाई विभिन्न निर्माण सामाग्री बापतको रकम निकासा गर्दा बिलमा उल्लेखित रकम रु. ९,५८,०९८ भुक्तानी दिनु पर्नेमा रु.९,८५,०९८ भुक्तानी दिएको देखिन्छ । बिलमा उल्लेख भए भन्दा बढि भुक्तानी भएको रकम रु.२७,०००। सम्बन्धीत उपभोक्ता समितीबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२७,०००

४२ **पेश्की रकम** -

३१४।३।२५ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ ।पालिकाले श्री तिनधारा होमस्टे एकिकृत नमूना वस्ती निर्माण उपभोक्ता समितिलाई संझौता अनुसार यस आर्थिक वर्षको कार्य सम्पन्न भएको रु २४४२७५० को योजना फरफारक गरी रकम भुक्तानी गर्ने क्रममा विगतमा फरक संझौतावाट दिएको पेश्की रु.४२३४५२ उपलब्ध गराएको उल्लेख गरेको तर कार्य संपन्न प्रतिवेदन पेश नगरेकोले कार्य संपन्न प्रतिवेदन पेश गरी पेश्की फर्छयौट गर्नु पर्ने रु

प्रमाण पेश नगरेको	४,२३,४५२

४३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

४४ **सफ्टवेयर खरिद र प्रयोगको विवरण -**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । पालिकाले आ. व. २०७८।७९ मा घर नक्सा पासको सफ्टवेयर खरिद गरी रु.४,९४,९४० भुक्तानी गर्नुका साथै यस बर्ष नगर प्रोफाइल निर्माण सफ्टवेयर रु.१८,३४,०३४ र एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (इ-हाजिरी, सिफारीश, संस्था दर्ता लगायत) सफ्टवेयर रु.४,९१,५५० मा खरिद तथा भुक्तानी गरेकोमा सूचना प्रविधि विभागबाट स्वीकृत गराएको देखिएन ।सफ्टवेर खरिद तथा प्रयोग गर्दा सूचना प्रविधि विभागबाट स्वीकृत गराएर मात्र कार्यान्वियन गर्नुपर्दछ ।

४५ **कर संकलन -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान रु. २९८८१६१७८. गरेकोमा असुली रु.९७३१९९०८.९६ भएको छ । जुन आय अनुमानको तुलनामा ३२.५७ प्रतिशत हुन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउनेतर्फ ध्यान दिनुपर्दछ । विभिन्न शीर्षकमा असुली गरेको विवरण निम्नानुसार रहेको देखिन्छ ।

अन्तरिकश्रोत	अनुमान	असुली	असुली प्रतिशत
११३१३ सम्पती कर	१0000000.	८९२0७१.१९	८.९२
११३१४ भुमिकर/ मालपोत	६0000000.	११४५६५३0.२१	१९.0९
११३१७ वहाल कर	२0000000.	३६२८८१३.२९	१८.१४
११३१८ वहाल विटौरी कर	२0000000.	0	0
११४५१ सवारी साधन कर (साना सवारी)	0	८,९९0.00	
११६९१ अन्य कर	0	५६४७९६.५७	
१४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	0	१,४00.00	
१४२१३ अन्य बिक्रीबाट प्राप्त रकम	0	५,४४0.00	
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	0	१६,८१0.00	
१४२२१ न्यायिक दस्तूर	0	१00.	
१४२२३ शिक्षा क्षेत्रको आम्दानी	0	१0,000.00	
१४२२४ परीक्षा शुल्क	0	२४,८00.00	
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	१0000000.	९२३७९९.८९	९.२४
१४२४२ नक्सापास दस्तुर	३0000000.	३५१८६३४.५४	११.७३
१४२४३ सिफारिश दस्तुर	४0000000.	२७0२९८२.	६.७६
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	९३१६१७८.	५९२0३५.	६.३५
१४२४५ नाता प्रमाणित दस्तुर	१000000.	४६,९२0.00	४.६९
१४२४९ अन्य दस्तुर	0	८८८९६४.	
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१0000000.	२0९६000.	२0.९६
१४२६५ अन्य क्षेत्रको आय	0	२२,२२0.00	
१४३११ न्यायिक दण्ड जरिवाना र जफत	0	२६७३५0१.	
१४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत	२000000.	२३८५00.	११.९३
१४५२९ अन्य राजस्व	0	३६१३८0.	
१४६११ व्यवसाय कर	३0000000.	७७0२२६0.	२५.६७
१५१११ बेरूजू	0	६९७५१८.	

१४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुनेआय	५६५०००००.	५८२४५४४३.२७	१०३.०९
जम्मा	२९८८१६१७८.	९७३१९९०८.९६	३२.५७

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

४६ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४१९२०९०७६.३०	९७३१९९०८.९६	३२.५७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३२.५७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४७ **करको दायरा -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ र ७१ ले स्थानीय तहलाई आफ्नो क्षेत्रभित्र सम्पत्ति कर,र व्यवसाय कर लगायतका करहरू लगाउने र असुल गर्ने पूर्ण अधिकार प्रदान गरेको छ।सोही अनुरुप पालिकाले आ व २०८१।८२ मा सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहायनुसार रहेको छः

करको नाम	जम्मा करदाता	कर तिर्ने करदाता	कर तिर्ने करदाताको प्रतिशत	करको दायरामा नआएका करदाता	कर नतिर्ने करदाताको प्रतिशत
सम्पत्ति कर	६८०८	२४१	३.५४	८०००	९६.४६
व्यवसाय कर	३०८	८२	२६.६३	३०००	७३.३७

उल्लेखित विवरणलाई हेर्दा सम्पत्ति कर तर्फ(३.५४ प्रतिशत) र व्यवसाय कर तर्फ (२६.६३ प्रतिशत) करदाता मात्र करको दायरामा आएको देखिन्छ ।अतः करको दायरा बाहिर रहेका करदाताको लगत अद्यावधिक गरी, कर नतिर्नेहरूलाई स्थानीय तहबाट प्रदान गरिने सेवा-सुविधासंग आवद्द गरी राजस्व असुली प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

४८ **फोहरमैला व्यवस्थापन -**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने ऐनको दफा १३(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन

नसक्ने व्यवस्था रहेकोमा हालसम्म पालिकाबाट कसैले पनि फोहरमैला व्यवस्थापन कार्यको अनुमति लिएको छैन ।पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम फोहोरमैला व्यवस्थापन गर्नुपर्दछ ।

४९ **अन्य बहाल कर** -

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रचलित कानुन बमोजिम घर बहाल कर बाहेकका अन्य बहाल कर को संकलन र बाँडफाँट सम्बन्धी अधिकार संघीय सरकारमा निहित रहेको छ। यस आर्थिक वर्षमा विभिन्न फर्म, संस्था वा व्यक्तिबाट उपकरण, सवारी साधन वा अन्य मेसिनरी सामग्रीको बहाल कर बापत प्राप्त भएको रु. २,०४,०००/- (दुई लाख चार हजार) यस पालिकाको आन्तरिक राजस्व खातामा आम्दानी बाँधिएको पाइयो।उक्त रकम रु. २,०४,०००/- संघीय संचित कोषमा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२०४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५० **विद्यालय र विधार्थी संख्या** -

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को चैत्र विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

क्र.सं.	विद्यालयको किसिम	विद्यालय संख्या	बिधार्थी संख्या
१	सामुदायिक विद्यालय	४५	३६१९
२	संस्थागत विद्यालय	६	११९९
	जम्मा	**५१**	४८१८

उपरोक्त विवरण अनुसार पालिकाभित्रका ५१ विद्यालयमा जम्मा बिधार्थी संख्या ४८१८ रहेकोमा ७५ प्रतिशत सामुदायिक र २५ प्रतिशत बिधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

५१ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती** -

आर्थिक वर्ष २०८१।८२ मा पालिका भित्रका ४५ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

विद्यालयको किसिम	दरबन्दी संख्या	स्थायी पदपूर्ती	पदपूर्ती मध्ये राहत/ करार	पालिकाबाट नियुक्त शिक्षक	रिक्त दरबन्दी
सामुदायिक	२८२	१७१	१११	८	०

उक्त विवरण अनुसार पालिकामा जम्मा २८२ दरबन्दी रहेकोमा १७१जना स्थायी पदपूर्ती र १११जना राहत/करारमा नियुक्त र पालिकाबाट नियुक्त शिक्षक शिक्षक ८ जना गरी जम्मा २९० पदपूर्ती गरेको देखिन्छ ।पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५२ **शिक्षक विद्यार्थी अनुपात** -

संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ २०८१ चैत्रको विवरण भर्ने) शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

क्र .सं.	विद्यालयको नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	जनकल्याण आ वि ,	८	६७	८.३८
२	भद्रकाली आ वि , चुरीथुम्का	७	४४	६.२९
३	सञ्जीवनी आ वि ,	३	३३	११
४	नन्दज्योति आ वि ,	४	३१	७.७५
५	महाकाली मा वि , नगरकोट	१२	२०९	१७.४
६	बालुवा मा वि , बालुवापाटी	११	२१९	१९.९
७	नगरहोप आ वि , साठीकुरीया	६	११२	१८.७
८	जनसेवा आ वि , पुष्पाजली डाडाँ	२	३४	१७
९	द्वारपालेश्वर मा वि , मानेडाडाँ	१४	१६५	११.८
१०	देउपुर आ वि , सिंङ्गे	५	४५	९
११	जनप्रभात आ वि , भवनडाडाँ	५	४९	९.८
१२	महाकाली मा वि , चैनपुर	१६	४४०	२७.५
१३	गोल्मेश्वरी आ वि , जगरुम्टी	५	८७	१७.४
१४	विन्धवासिनी आ वि , रातामाटेडाडाँ	३	२०	६.६७
१५	तपेश्वर मा वि , ठाडाँकोल	१४	१७७	१२.६
१६	पञ्चकन्या आ वि , सल्लेबास	२	२०	१०
१७	भवानी आ वि , सालठाँटी	१	२७	२७
१८	ब्रह्मायणी मा वि , गैरीबिसौना	१३	१९९	१५.३
१९	भीमसेन आ वि , कोदारी	३	४७	१५.७
२०	कालीदेवी आ वि , नौबिसे	७	१४०	२०
२१	राधाकृष्णघनश्याम आ वि , मण्डनपौवा	३	२५	८.३३
२२	डेडीथुम्का मा वि , ढोडेनी	१२	२५४	२१.२
२३	भवानी आ वि , ढाईटार	५	५१	१०.२
२४	डेडीथुम्का मा वि , महादेवस्थान	२०	३८६	१९.३
२५	उमाविद्यामन्दिर आ वि , नर्वन्दापाटी	३	३६	१२
२६	उमा सहशिक्षालय मा वि , चण्डेनी	१५	२३०	१५.३
२७	विन्धवासिनी मा वि , माझीगाउँ	१२	२२३	१८.६
२८	कालिका आ वि , [illegible]	८	७३	९.१३
२९	कुलाचौर आ वि , हलेदेटार	२	१८	९
३०	चण्डेनी मा वि , तिमल्सिनागाउ	११	२६५	२४.१

३१	पञ्चकन्या आ वि , झगरेडाँडा	९	१४१	१५.७
३२	भगवती आ वि , गैराथोक	४	४१	१०.३
३३	चन्द्रावती आ वि , राम्चेबेशी	३	२७	९
३४	जनजागृति आ वि , भाटपोल	१	२०	२०
३५	जयसरस्वती आ वि , रामपुर	५	४९	९.८
३६	बाग्देवी मा वि , देउराली	१५	२८०	१८.७
३७	इन्द्रावती मा वि , सान्डीबेशी	१२	१३३	११.१
३८	नमुना बालबिकास केन्द्र	१	८	८
३९	माझीगाउँ बालबिकास केन्द्र	१	१८	१८
४०	महाङ्कालेश्वर बालबिकास केन्द्र	१	१३	१३
४१	नवचेतना बालबिकास केन्द्र	१	५	५
४२	डाँडागाउँ बालबिकास केन्द्र	१	११	११
४३	सेतीदेवी आ वि , गहते	२	१७	८.५
४४	कालीकुमारी आ वि , गणेशस्थान	१	९	९
४५	झलकनेदवी बालबिकास केन्द्र	१	३	३
	जम्मा	२९०	४५०१	१:१५.५

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ४५ वटा विद्यालयमा २९० जना शिक्षक र ४५०१ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:१५.५२१ रहेको छ ।कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम शिक्षक बिद्यार्थी अनुपात मिलाउनु पर्दछ ।

५३ **स्वास्थ्य तर्फको दरबन्दी र पदपूर्ती -**

पालिकामा आर्थिक वर्ष २०८१।८२ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

स्वास्थ्य संस्थाको किसिम	स्वास्थ्य संस्थाको संख्या	दरबन्दी	पदपूर्ती	सेवाग्राहीको संख्या	औषधी वितरण रु
अस्पताल	१	२४	१८	६०जना प्रतिदिन	१८,५९,७४१
स्वास्थ्य केन्द्र/चौकी	१३	६३	३६	१० जना प्रति संस्था प्रतिदिन	

५४ **उपचार सिफारिस समितिको बैठक -**

१०८।३।९ कार्यक्रम कार्षान्वयन पुस्तिका २०८१ को परिच्छेद ७ दफा बुँदा नं ४५ मा कानुन बमोजिम गठित समितिको कार्यालय समय भन्दा अगाडी र पछाडी बसेको बैठकको मात्र बैठक भत्ता भुक्तानी गर्न सकिने साथै कार्यालयका कर्मचारी मात्र भएको समितिको बैठक भत्ता भुक्तानी नदिने व्यवस्था रहेको छ । पालिका भित्र गठित समिति र तिनीहरुको भुक्तानी भएको बैठक भत्ताहरुको नमूना परीक्षण गर्दा पालिकामा रहेका दिर्घरोगी तथा निको नहुने रोगका विरामीहरुलाई नेपाल सरकारले उपलब्ध गराउने मासिक रु. ५००० तथा पालिकाले गर्नसक्ने आवश्यक आर्थिक सहयोगको लागि उपचार सिफारिस समितिको बैठक बसि निम्नानुसारका कर्मचारीहरुलाई

बैठक भत्ता भुक्तानी भएको देखिएकोले नियम विपरित भुक्तानी भएको रकम सम्बन्धित कर्मचारीबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

क स	नाम थर	रकम कर बाहेक
१	इश्वरी सापकोटा गौतम	१७००
२	दिपक कुमार घिमिरे	११९००
३	पुष्पराज बजगाई	२५५०
४	सुरज श्रेष्ठ	११०५०
	जम्मा	२७२००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५५ **लगतकट्टा -**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानीय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बूझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा केही वडाहरुको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण नमूना छनौट गरी हेर्दा मृत्यु भै सकेका व्यक्तिहरुको खातामा समेत निकासा भएको देखिएको छ । यस सम्बन्धमा कार्यालयले थप छानविन गरी वढी निकाशा भएको रकम फिर्ता लिनुपर्दछ । देहायका व्यक्तिहरुको मृत्यु पश्चात समेत निजहरुको खातामा रकम निकासा भएको देखिन्छ ।कार्यालयको अभिलेख अनुसार मृत्यु भएका लाभग्राहीको लगत अद्यावधिक नगरी निजहरुको खातामा रकम निकासा गर्न नमिल्ने हुंदा मृत्यु पश्चात निकाशा भएको देहाय अनुसारको रकम फिर्ता लिइ संघिय संचितकोष दाखिला हुनुपर्ने

वडा	नाम	मृत्यु भएको मिति	नागरिकता नं.	रकम निकासा अवधी	दर (प्रति महिना)	बढी भुक्तानी रकम
१	वुधिमाया तमाङ	२०८२।२।२०	११३६-०४६	तेस्रो र चौथो त्रैमासिक	४०००	४०००
२	भिम माया तामाङ	२०८१।१०।२७	२०५३३	चौथो त्रैमासिक	४०००	२३७३३
	कुमारी माया लामा	२०८१।५।१५	७६५२।१७६४	चौथो त्रैमासिक	४०००	४२०००
	राम ब तमाङ	२०८१।७।२०	९२५५।४२१	तेस्रो त्रैमासिक	४०००	२००००
	तेजनाथ ढकाल	२०८२।१।८	७५२०।२१५३	चौथो त्रैमासिक	४०००	१००००
	जीत नारायण	२०८२।२।१३	७५६५।१७३८	चौथो त्रैमासिक	४०००	६०००
३	शुकुराम तमाङ	२०८१।९।२९	९८९३।२८०७	तेस्रो त्रैमासिक	४०००	१२०००
	कर्साङ सिंह तमाङ	२०८१।४।३१	९७९१।२०२९	चौथो त्रैमासिक	४०००	४४०००
	खिलमाया कमनी	२०८२।१।२३	१०२४७।२३१५	चौथो त्रैमासिक	४०००	८०००
	विर बहादुर तमाङ	२०८२।२।५	१४९८।०४६	चौथो त्रैमासिक	४०००	६०००
४	विष्णु प्रसाद तिमल्सिना	२०८१।८।२९	१८४०५	दोस्रो त्रैमासिक	४०००	४०००
	चेत बहादुर पराजुली	२०८२।१।१५	१०८४५।८८	चौथो त्रैमासिक	४०००	१००००
५	टंक कुमारी ढकाल	२०८१।५।२९	७०९७।९५४	प्रथम त्रैमासिक	४०००	४०००
	चन्द्रलाल लामिछाने	२०८१।१०।२७	३५९।२०४९	तेस्रो त्रैमासिक	४०००	८०००
८	सुकुमाया तमाङ	२०८१।७।१७	४३५६।२८३१	दोस्रो त्रैमासिक	४०००	८०००

	हिरालाल गौतम	२०८१।११।२४	१०६७	तेस्रो त्रैमासिक	४०००	४०००
९	ठगेन्द्र प्र सापकोटा	२०८१।१०।२	१४६१८	तेस्रो त्रैमासिक	४०००	११७३३
	वुधमाया कामी	२०८१।५।२०	६४४०४	प्रथम त्रैमासिक	४०००	४०००
जम्मा						**२२९४६६**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२३,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **११,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६ **सामाजिक सुरक्षा** –

आर्थिक वर्ष २०८१।८२ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार)	लाभग्राही संख्या	लाभग्राही प्रतिशत	सामाजिक सुरक्षा रकम रु
३०३८१	४२२३	१३.९०	१६६८२९६५०

पालिकामा रहेको ३०३८१ जनसंख्या मध्ये लाभग्राही संख्या ४२२३ लाई रु १६६८२९६५० सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । कुल जनसंख्याको १३.९० प्रतिशत जनसंख्याले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन । लगत अद्यावधिक गरि भत्ता वितरण गर्नुपर्दछ ।

५७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको बिकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको बार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ । पालिकामा यस वर्ष सुचिकृत बेरोजगारहरु ५३ जनाले यस आ.व. मा पालिका अन्तर्गतका १२ वटा वडामा १४ वटा कार्यक्रम सञ्चालन भई रू.३५४११३२ खर्च भएको र ३ जना कर्मचारीहरुलाई पोशाक खर्च बापत रु.३० हजार र ३ जनाको तलब भत्तामा रु.१००९४४७ खर्च भएको छ । संचालित आयोजनाको विवरण देहाय बमोजिम रहेको छ ।

वडा नं.	कार्यक्रम/ योजनासंचालन	रोजगारसंख्या	कुल खर्च रकम
९	मकैटार सिंढी निर्माण	२	१३६८००
७	कश्यपेश्वर मन्दिर प्रवेशमार्ग मर्मत	३	२०५२२७
१०	नेवारेटार सिंढी निर्माण तथा जोगिटार बाटो ढलान	२.५	१७०९००
९	देवी पञ्चकन्या मन्दिर हुँदै माथिल्लो रानिटार सिंढी निर्माण	२	१३६८००
१०,१२	नगरस्तरीय विभिन्न सडक मर्मत तथा नाली सरसफाई	३.५	२३९४००
१२	प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा ठुल्डी सामुदायीक भवन मर्मत तथा सान्डी सामुदायीक भवन शौचालय निर्माण तथा साझेदारीमा गोठ सुधार योजना	५	३४२०००
८	प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा सात पाथे ठाडो बाटो सिंढी निर्माण	४	२७३६००
४	प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा भोर्ले सिंगे र जगुरुम्टी सिंढी निर्माण	८	५४७२००
१०	प्रधानमन्त्री रोजगार सामग्री सहायता नेवारेटार सिंढी निर्माण तथा बिन्धवासिनी मा वि जाने बाटो ढलान	४	२६८८००
९	प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा तल्लो रानीटार हेलम्बु राजमार्गबाट देवी पञ्चकन्या मन्दिरहुँदै माथिल्लो रानीटार सिँढी निर्माण	४	२६८८००
११	प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा गैराथोक ट्रस भवन निर्माण	३	१९२८००
६	प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा सिपाघाट महादेव पोखरी गैह्रीबिसौनाबाट बस्ती जाने बाटो सिंढी निर्माण	४	२६८८००
३	मानेडाँडा ठुलिचौर सिंढी निर्माण	४	२२१२०५
१	प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा गैरीगाउँ सिंढी निर्माण	४	२६८८००
कुल खर्च रकम		५३	३५४११३२

५८ **प्रमाण -**

१३१।२०८१।९।१९ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८(१)) मा कार्यलयले खरिद गरेको,निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको जिन्सी मालसामान तथा सम्पत्तिको लेखा त्यस्तो सम्पत्तिको खरिद मूल्यको आधारमा राख्नुपर्ने साथै नियम ७८ २(२)) १ मा लेखा तथा अभिलेख राख्दा प्रति एकाई रु पाँच हजार सम्म पर्ने जिन्सीलाई मालसामान खातामा र नियम ७८(२)) क मा लेखा तथा अभिलेख राख्दा प्रति एकाई मूल्य रु.५ हजार रुपैयाँ भन्दा बढी रकम पर्ने सम्पत्तिलाई लाई सम्पत्ति खातामा अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ ।यस पालिकामा विविध खर्च शिर्षकवाट रकम रु.५२००० को A35 मोबाईल खरिद गरी पाम्समा खर्च भएर जाने शिर्षकमा दाखिला गरेको देखिएकोले उक्त सामान खर्च भएर नजाने खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **५२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५९ **पेश्की बाँकीको विवरण -**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई दिएको म्याद ननाघेको पेश्की रु.१,७७,५१,८०० आर्थिक वर्षको अन्त्यसम्म पनि फछर्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछर्यौट हुनुपर्दछ ।

सि.नं.	पेश्की लिनेको विवरण	पेश्की लिनुको उद्देश्य	पेश्की लिएको आव	म्याद न[illegible] रु.
१	क्षितिज – ग्रिनताराजे.भी	पालिका अन्तरगत निर्माणाधिन ५।१०।१५शैय्या आधारभूत अस्पताल निर्माण	२०८१/८२	१,६३,०[illegible]
२	ए.एल.इजवेलकन्स्ट्रक्सनप्रा.लि.	सिपाघाटहिगुवापाटीफेदीबैकल्पिकसडक निर्माण	२०८१/८२	१०,९९,[illegible]
३	दिपलक्ष्मीकन्स्ट्रक्सन	ढाँडागाउँ, देविथान, गिर्ध रे सडक	२०८१/८२	३,५२,०[illegible]

६० **असुल -**

१५६।१।१५ भ्रमण खर्च नियमावली २०६४ को नियम (७) उपनियम (८) मा काठमाण्डौ उपत्यका वा कुनै प्रशासकिय जिल्लाको सदरमुकाम क्षेत्रबाट १५ किलोमिटर क्षेत्र भित्रमा भत्ता नपाउने तर एकै दिनमा पुगेर फर्कन सक्ने स्थानको लागि भ्रमण खर्चको दर को एक तिहाइ रकम बराबर खाजा खर्च पाउने व्यवस्था रहेको छ।पालिकाको लघुउद्यम विकास कार्यक्रम अन्तर्गत व्यवसाय सचेतना एंव लैगिक समानता एंव लैंगिक समानता तथा सामाजिक समावेशीकरण तालिम कार्यक्रम अन्तरगत पालिकामा मिति २०८१ चैत्र ११ देखि २५ सम्म संचालन भएको हस्तकला सम्बन्धी पर्स र ब्याग बनाउने तालिमको अनुगमन वापत भनी इश्वर घोसाइने,उमेश अधिकारी लगायत २५ जना लाई जनही रु.२००० मा १५ प्रतिशत कर कट्टा गरी रु.१७०० भुक्तानी दिएको देखिन्छ । यसरी ऐन तथा नियमावली विपरीत भुक्तानी गरेको रकम पालिका स्वयमले यकिन गरि असुल गर्नुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६१ **कन्टिन्जेन्सी खर्च** -

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र सोही नियमावलीको अनुसूची-१ मा तोकिए बमोजिम वर्क चार्ज स्टाफ २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी समेत लागत अनुमानमा थप गर्न पाउने व्यवस्था छ । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका २०७४ मा कन्टिन्जेन्सी खर्च गर्दा वर्क चार्ज स्टाफ र सानातिना अन्य खर्चको लागी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाले कन्टिजेन्सी रकम खर्च गर्दा योजना बनाई खर्च गर्नुपर्नेमा सो कार्य नगरी योजनाहरुको अनुगमनवापत कर्मचारीलाई अनुगमन भत्ता र मसलन्द सामाग्री खरिद गरी एकमुष्ट रुपमा रु.१२५०१६३ कन्टिन्जेन्सी रकम खर्च गरेको छ ।

६२ **अनुगमन** -

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ लाई सँशोधन गर्न बनेको ऐन,२०७७ मा पदाधिकारीहरु ले पालिकाको क्षेत्राधिकार भित्र सञ्चालित कार्यक्रम अनुगमन गर्नुपर्ने तर अनुगमन गरे वापत भत्ता पाउने व्यवस्था देखिदैन । कर्मचारीको हकमा भ्रमण खर्च नियमावली,२०६४ को नियम (७) उपनियम (८) मा काठमाण्डौ उपत्यका वा कुनै प्रशासकीय जिल्लाको सदरमुकाम क्षेत्रबाट १५ किलोमिटर क्षेत्र भित्रमा भत्ता नपाउने तर एकै दिनमा पुगेर फर्कन सक्ने स्थानको लागि भ्रमण खर्चको दर को एक तिहाइ रकम बराबर खाजा खर्च पाउने व्यवस्था रहेको छ। पालिकामा सञ्चालित कार्यक्रमहरुको नमूना छनौट गरी परिक्षण गर्दा पालिका स्तरमा नै सञ्चालन भएका निम्नानुसारका कार्यक्रमको अनुगमन वापत प्रति दिन रु.१००० का दरले पदाधिकारी तथा कर्मचारीलाई नियम विपरित भुक्तानी गरेको रकम पालिकाले नै एकिन गरि असुल गर्नुपर्ने रु

गो भौ नं र मिति	कार्यक्रम	सहभागि संख्या	दर	रकम करबाहेक
६१।२०८१।९।२५	भिटामिन ए कार्यक्रम	५ जना	१०००	९१००
१०।२०८१।११।६	पोषण समिक्षा कार्यक्रम	५ जना	१०००	९१००
१३७।१२।१४	न्यूनतम सेवा मापदण्ड कार्यक्रम	५ जना	१०००	९३५०
२६६।३।१६	किशोर किशोरी मैत्री स्वास्थ्य व्यवस्थापन समिती अभिमुखिकरण कार्यक्रम	१५ जना	१०००	१२७५०
१८।३।२२	टनेल हाउस संरचना निर्माणको अनुगमन	८ जना	१०००	६८००
जम्मा		३८	१०००	४०३००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४०,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६३ **विभिन्न संस्थालाई अनुदान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्विकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । यस बर्ष पालिकाले निम्न संस्थाहरुलाई

विभिन्न मितिमा कार्यपालिका स्तरिय निर्णयबाट अनुदान दिएको देखिन्छ । पालिकाले उल्लेखित संस्थाहरुलाई अनुदान दिँदा उक्त संस्था छनौटको आधार तथा मापदण्ड लगायतका मानक तयार गरेको छैन । यसरी अनुदान दिँदा वास्तविक अनुदान प्राप्त गर्ने संस्थाले अनुदान प्राप्त नगर्ने र एउटै संस्थाले पटक पटक अनुदान प्राप्त गर्ने जोखिम रहन्छ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र अनुदान उपलब्ध गराउनुपर्दछ ।

क्र.सं.	संस्थाको नाम	अनुदान रकम रु
1.	जिल्ला खेलकुद विकास समिति	१०००००
2.	डेडि थुम्का फाउण्डेसन	२०००००
3.	सिपाघाट स्पोर्टस् क्लब	१९२०००
4.	सिपाघाट स्पोर्टस् क्लब	४९५७६७
5.	नगरकोट नाल्दुम पर्यटन विकास समिति	१००००००
6.	नेपाल तामाङ घेदुङ संघ	२०००००
7.	जिल्ला समन्वय समिति	५०००००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक , मण्डनदेउपुर नगरपालिका , काभ्रेपलाञ्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	लक्ष्मी प्रसाद बास्कोटा	२०८१-१-२७	२०८१-६-२२
कार्यालय प्रमुख	सुरज श्रेष्ठ	२०८१-०९-०८	२०८२-०५-२३
लेखा प्रमुख	पुष्प राज बजगाई	२०७६-८-२०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४६४,५८६	५००,०००	६७९,४५२	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१,६४४,०३८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	५९५,४६६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१,०४८,५७२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१४१३३८५७८.९१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४७०८४२४००	चालु खर्च	४२६६२३३३६.६८
प्रदेश सरकारबाट अनुदान	७८३१५०००	पूँजीगत खर्च	२१९६३७१७६
राजश्व बाँडफाँट	२०३९५०६५०.५८	वित्तीय/अन्य व्यवस्था	३०२१६२२७५.२
आन्तरिक आय	३९०७४४६५.६९		
अन्य आय	२३१४३१४५३.८३		
कुल आय	१०२३६१३९७०.१०	कुल खर्च	९४८४२२७८७.८८
बाँकी मौज्दात		२१६५२९७६१.१३	

अनुसूची - २

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति			
११०००	कर	१६,२२,२९,३०५.६६	०	१६,२२,२९,३०५.६६
१३०००	अनुदान	४७,७२,०३,९१५.८०	०	४७,७२,०३,९१५.८०
१४०००	अन्य राजस्व	८,००,९८,२९२.६१	०	८,००,९८,२९२.६१
१५०००	विविध प्राप्ति	६,९७,५१८.००	०	६,९७,५१८.००
क	**कुल जम्मा प्राप्ति**	७२,०२,२९,०३२.०७		७२,०२,२९,०३२.०७
३	चालु	४२,६६,२३,३३६.६८	०	४२,६६,२३,३३६.६८
२१०००	पारिश्रमिक / सुविधा	१७,२२,३९,३८८.७१	०	१७,२२,३९,३८८.७१
२२०००	मालसामान तथा सेवाको उपयोग	१०,८०,५५,९२३.४७	०	१०,८०,५५,९२३.४७
२५०००	सहायता (Subsidy)	२५,५०,३०२.००	०	२५,५०,३०२.००
२६०००	अनुदान	१३,१९,१२,२२७.५०	०	१३,१९,१२,२२७.५०
२७०००	सामाजिक सुरक्षा	१,०६,४६,८४१.००	०	१,०६,४६,८४१.००
२८०००	अन्य खर्च	१२,१८,६५४.००	०	१२,१८,६५४.००
४	पूंजीगत	२१,९६,३७,१७६.००	०	२१,९६,३७,१७६.००
३१११०	भवन तथा संरचना	७,९८,८९,५७२.००	०	७,९८,८९,५७२.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	६१,५२,२०४.००	०	६१,५२,२०४.००
३११३०	अन्य पूँजीगत खर्च	६१,९५,५७२.००	०	६१,९५,५७२.००
३११५०	सार्वजनिक निर्माण	१२,७३,९९,८२८.००	०	१२,७३,९९,८२८.००
३१४१०	जग्गाप्राप्ति खर्च	०	०	०
ख)	**कुल जम्मा भुक्तानी**	६४,६२,६०,५१२.६८		६४,६२,६०,५१२.६८
ग)	**बचत / कमी (ग =क-ख)**	७,३९,६८,५१९.३९		७,३९,६८,५१९.३९
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)**	१२,२२,६६२.८३		१२,२२,६६२.८३
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**			
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)**	७,५१,९१,१८२.२२		७,५१,९१,१८२.२२
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	१४,१३,३८,५७८.९१		१४,१३,३८,५७८.९१
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**			
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	२१,६५,२९,७६१.१३		२१,६५,२९,७६१.१३

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।